**परिच्छेद १०**

# सन् २०२३ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सन् २०२३ मा नेपालले मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र प्रत्याभूति गराउने कार्य गरेको छ। साथै, नेपाल सरकारले स्वीकृत गरेको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७७/२०८२) हाल कार्यान्वयनकै चरणमा रहेको छ। ती दुवै कार्ययोजनामा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका मावन अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयनका लागि राज्यको तर्फबाट व्यक्त प्रतिबद्धता समावेश गरिएका छन्।

नेपालको संविधानद्वारा संवैधानिक निकायका रूपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष प्राप्त हुने सिफासि कार्यान्वयनमा नेपाल सरकार प्रतिबद्ध रहेको छ। सम्मानित सर्वोच्च अदालतलगायत अन्य अदालतहरूबाट भएका फैसलाहरूको कार्यान्वयन गर्नुका साथै मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू र नागरिक समाजसँगको सहकार्यमा अन्तरक्रिया लगायतका कार्यक्रम हुँदै आएको छ।

१.१ नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार साथसाथै कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रही समृद्ध राष्ट्र निर्माण गर्ने मूलभूत लक्ष्यलाई नेपालको संविधानको प्रस्तावनाले उजागर गरेको छ। नेपालको संविधानले मौलिक हकका रूपमा मानव अधिकारको प्रत्याभूति गर्न मानवका लागि विशिष्टकृत गरिएका नागरिक तथा व्यक्तिका हक अधिकार प्रदान गरेको छ। त्यसैगरी, मानव अधिकारको संरक्षण संवर्द्धन गर्दै विधिको शासन कायम गर्न नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नेजस्ता शासन व्यवस्था सञ्चालनको नीति हुने पक्षलाई धारा ५१ मा उल्लेख गरिएको छ।

१.२ संविधानले परिलक्षित गरेको उल्लेखित नीति राज्य सञ्चालनको मार्गनिर्देशक हुने गरी धारा ४९ ले सम्बोधन गरेको छ। संविधानले परिलक्षित गरेको मार्गनिर्देशन अनुसार शासन सञ्चालन गर्न नेपाल सरकारको मुख्य निकायको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। कार्यालयका बृहत्तर काम, कर्तव्य र अधिकारलाई संविधानले मार्ग निर्देशित गरेको लक्ष्य प्राप्तिका लागि विभिन्न महाशाखामा विभाजन गरिएको छ। कानुन तथा फैसला कार्यान्वयन महाशाखा तथा मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा महत्त्वपूर्ण महाशाखाको रूपमा रहेको छ।

२. मानव अधिकार संवर्द्धन प्रवर्धन तथा संरक्षणका लागि गरिएका सम्पादित कार्यहरू तथा अवस्था

२.१ अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने सम्बन्धमा: मानव अधिकासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षकहरूले माग गरेको जानकारी तथा प्रश्नावलीको तथा व्यक्तिगत उजुरीको प्रतिरक्षाका लागि जबाफ तयारी गरी पठाउने।

**(क)** **जवाफ निर्माण तथा प्रेषित**: नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी महासन्धिसँग सम्बन्धित संयुक्त राष्ट्र प्रणालीअन्तर्गत माग गरिने विषयमा निरन्तर तथ्यगत आधारमा जवाफ पठाउँदै आइरहेको र आर्थिक वर्ष २०७९/८० मा

सङ्क्रमणकालीन न्याय, यातना, अमानवीय व्यवहार तथा मानव अधिकारका अन्य विषयसँग सम्बन्धित जम्मा १२ ओटा जवाफ पठाइएको।

**(ख)** **उजुरी तथा प्रतिरक्षाः** संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् तथा अन्तर्गतका निकायमा नेपाल सरकार विरुद्ध परेका उजुरीहरूको प्रतिरक्षा गर्दै आएको। आर्थिक वर्ष २०७९/८० को अन्तसम्म व्यक्तिगत उजुरीको रूपमा जम्मा २९ ओटा प्राप्त आएको।

१. गङ्गामाया अधिकारी लगायतले दिएका यस कार्यालयसँग सम्बन्धित जम्मा पाँच ओटा उजुरीको प्रतिरक्षा गर्दै जवाफ पठाइएको।

२. २४ ओटा उजुरी द्वन्द्वसँग सम्बन्धित भएको हुँदा सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कार्यान्वयनका लागि सिफारिस गरी पठाइएको।

**२.२** **अध्ययन तथा प्रतिवेदन निर्माणः** आर्थिक वष २०७९/८० मा संविधानले परिलक्षित गरेको नीति तथा मार्गनिर्देशक सिद्धान्तका अधीनमा रही तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाका आधारमा देहायका कार्य सम्पादन गरिएको छ।

(१) संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित निकायमा पेश गरिने मुख्य साझा दस्तावेज (Common Core Document) को अध्ययन तथा प्रारम्भिक मस्यौदा निर्माण।

(२) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको अध्ययन तथा प्रतिवेदनको प्रारम्भिक मस्यौदा निर्माण।

(३) विश्वव्यापी आवधिक पुनरावलोकनको मध्यावधि प्रतिवेदन प्रारम्भिक मस्यौदा निर्माण।

(४) योजना, कार्यक्रम, कानुन तथा नीतिहरू कार्यान्वयनबाट प्राप्त गरिने मानव अधिकारसम्बन्धी विषयगत तथ्याङ्कहरूमा जानकारी प्रविष्ट गर्न आवश्यक सूचकहरूको पहिचानसम्बन्धी प्रारम्भिक अध्ययन कार्य सम्पन्न।

(५) भ्रष्टाचार विरुद्धको महासन्धिको फोकल पोइन्टका रूपमा काम गरिरहेको छ। सो महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९ लाई परिष्कृत, परिमार्जन गरी नयाँ रणनीतिको प्रारम्भिक मस्यौदा तयार भइरहेको।

**२.३** **प्रवर्धन, संरक्षण, समन्वय तथा अनुगमनसम्बन्धी कार्यः** देहायका विषयमा अध्ययन गरी प्रतिवेदन तयारी सम्बन्धमा कार्य सम्पादन गरिएको थियो :

**(क)** **समन्वयात्मक कार्यः** राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क महाशाखाको रूपमा काम गरिरहेको। आ.व. २०७९/८० मा राष्ट्रिय मानव अधिकार आयोगका १ सय ४३ सिफारिस कार्यान्वयन गर्न भनी आएकोमा सो को कार्यान्वयनका लागि समन्वय गर्दै सम्बन्धित निकायमा पठाइएको।

राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारका नाममा पेश गरेका जम्मा १ सय २ सय २९ ओटा सिफारिसहरूलाई क्षतिपूर्ति, गैरकानुनी हत्या, यातना, यौन हिंसा र विविध क्लस्टरमा विभाजन गरी अध्ययन गरिएको। मानव अधिकार प्रवर्धनमा नेपाल सरकारका निकायसँग सम्पर्क समन्वय कायम गरिएको।

**(ख)** **प्रवर्धनात्मक कार्यः** सन् २०२३ डिसेम्बर १० का दिन अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सञ्चालन गरिएको।

यस आ.व. मा मानव अधिकारसम्बन्धी विषय तथा सिफारिसहरूको पहुँच विकास गर्न अभिलेखीकरणको कार्य सम्पादन गरिएको।

**(ग)** **अनुगमन कार्यः** मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराउन सात प्रदेश सरकार र सबै स्थानीय तहसमेतमा पत्राचार गरिएको। पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रचारप्रसार तथा अनुगमन सम्बन्धमा प्रदेशस्तरीय कार्य सम्पन्न गरिएको।

**२.४ अन्यः**

(१) पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन र सो को प्रतिवेदन सङ्कलन, विश्लेषण नियमित रूपमा भइरहेको छ।

(२) विभिन्न मन्त्रालयबाट प्राप्त मानव अधिकारीसम्बन्धी प्रतिवेदन तथा अन्य विषयमा राय दिने काम भइरहेको छ।

(३) राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क निकायका रूपमा रही कार्य गरिएको र राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा नयाँ कानुन निर्माणमा समन्वयात्मक भूमिका निर्वाह गरिरहेको छ।

**मदनप्रसाद शिवाकोटी**
शाखा अधिकृत

## परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र नीतिले लोकतन्त्र, मानव अधिकार र विधिको शासनको मूल्यलाई आत्मसात गरेको छ। यस सन्दर्भमा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको प्रवर्धनका लागि उपयुक्त भूमिका निर्वाह गर्दै आएको छ। विगतका वर्षहरूमा जस्तै नेपालको सन् २०२३ मा पनि विभिन्न माध्यमबाट मानव अधिकारको प्रवर्धन र संरक्षणमा सक्रियता र सार्थकता रह्यो।

नेपालले गत वर्ष मानव अधिकार परिषद्को ५२ औं, ५३ औं र ५४ औं सत्रमा सक्रिय सहभागिता जनायो। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को ५२ औं अधिवेशनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व प्रधानमन्त्रीका शान्ति तथा मानव अधिकार सल्लाहकार गोविन्दप्रसाद शर्मा कोइरालाले गर्नुभएको थियो। बैठकको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै कोइरालाले मानव अधिकारको प्रवर्धनन र संरक्षणका लागि नेपालको पूर्ण र स्पष्ट प्रतिबद्धता अन्तर्राष्ट्रिय जगतसामु दोहोऱ्याउनु भयो। उहाँले मानव अधिकारका विषयलाई राजनीतिकरण नगर्न र मानव अधिकारसम्बन्धी सरोकारलाई सम्बोधन गर्दा वस्तुनिष्ठ र निष्पक्ष दृष्टिकोण अपनाउन राष्ट्रहरूलाई आग्रह गर्नुभयो।

विश्वव्यापी आवधिक समीक्षा कार्य समूहको ४२ औं, ४३ औं र ४४ औं सत्रमा पनि नेपाल अर्थपूर्ण रूपमा संलग्न भएको छ। यी फोरमहरूका माध्यमबाट नेपालले विश्वभर मानव अधिकारको अवस्थाको विकासमा योगदान पुऱ्यायो।

नेपालले सन् २०२१-२०२३ को लागि संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्को सदस्यका रूपमा आफ्नो दोस्रो कार्यकाल सफलतापूर्वक पूरा गऱ्यो। यस अवधिमा परिषद्सँग नेपालको सहकार्य प्रभावकारी रह्यो। नेपालले प्रस्तावहरूमा मतदान, विशेष कार्यविधिको विस्तार,मृत्युदण्डको उन्मूलनको मुद्दा तथा 'एलजी बीटी आई क्यू जोड' को अधिकारका सवालमा अवाज उठायो।

मानव अधिकार उच्चायुक्तको कार्यालय, मानव अधिकार निकाय र संयन्त्र तथा मानव अधिकार परिषद्को सचिवालयसँग संलग्न रहनुका साथै, समाधीक्षकहरूबाट प्राप्त विषयगत प्रतिवेदनहरूका लागि सुझाव प्रदान गरि आफ्नो उपस्थिति मजबुत बनाउने कार्य गऱ्यो।

यसका साथै मानव अधिकार परिषद् र अन्य संयन्त्रमा भएको छलफलमा नेपालले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत समुदाय, आप्रवासी, आदिवासी जनजाति र अल्पसङ्ख्यकलगायतका अधिकारका मुद्दाहरूलाई प्राथमिकताका साथ उठाएको छ। यसैगरी जलवायु परिवर्तन, डिजिटल विभाजन, दिगो विकास लक्ष्य र विकासको अधिकार जस्ता मुद्दाहरूमा आफ्ना धारणा व्यक्त गरेको छ।

परराष्ट्रमन्त्री, माननीय श्री एन पी साउदले मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ जारी भएको पचहत्तरौं वार्षिकोत्सवको अवसरमा ११ र १२ डिसेम्बर २०२३ मा जेनेभामा मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले आयोजना गरेको कार्यक्रममा भाग लिनु भयो।

नेपालले २०२३ अप्रिल १७ देखि २८ सम्म न्यूयोर्कमा आयोजित आदिवासी मुद्दाहरूमा स्थायी मञ्चको २२ औं सत्रमा भाग लियो। सत्रको नारा 'आदिवासी जनता, मानव स्वास्थ्य, ग्रह र क्षेत्रीय स्वास्थ्य, र जलवायु परिवर्तनः अधिकारमुखी दृष्टिकोण' रहेको थियो।

राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसङ्ख्यकसँग सम्बन्धित व्यक्तिको अधिकारसम्बन्धी घोषणापत्र पारित भएको ३० औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको अल्पसङ्ख्यक

अधिकारसम्बन्धी उच्चस्तरीय बैठकमा नेपाल सक्रिय सहभागी रहेको थियो। कार्यक्रम २१ सेप्टेम्बर २०२२ मा न्यूयोर्कमा आयोजना गरिएको थियो।

'सबै महिला र बालिकाहरूमा लैङ्गिक समानता र सशक्तिकरण प्राप्त गर्नका लागि डिजिटल युगमा नवप्रवर्तन र प्राविधिक परिवर्तन र शिक्षा' भन्ने नाराका साथ मार्च ६-१७ सम्म न्युयोर्कमा सम्पन्न महिलाको स्थितिसम्बन्धी आयोगको ६७ औं अधिवेशनमा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डल सहभागी भएको थियो।

यस समीक्षा वर्षमा नेपालले महिला विरुद्धको भेदभाव उन्मूलन समितिलाई सातौं आवधिक प्रतिवेदन बुझाएको छ। मन्त्रालयले जातीय भेदभाव उन्मूलन समिति (सर्ड) को आवधिक प्रतिवेदन पेश गर्न अन्य मन्त्रालयहरूसँग सहकार्य गरिरहेको छ।

समीक्षा अवधिमा नेपालले शरणार्थी मुद्दामा पनि सक्रियता देखाएको छ। नेपालले शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको ७४ औं कार्यकारी समितिमा भाग लियो। नेपालले भुटानी शरणार्थीहरूको समस्याको दिगो समाधानको विषयमा ध्यानाकर्षण गरायो। नेपालले भुटानी शरणार्थीको लामो समयदेखिको समस्या समाधान गर्न भुटानी पक्षलाई निर्णायक कदम चाल्न आग्रह गरेको छ।

पुनरावलोकन अवधिमा, नेपाल संयुक्त राष्ट्रसङ्घको आर्थिक र सामाजिक परिषद्को सदस्यमा तीन वर्षका लागि निर्वाचित भएको छ। आर्थिक र सामाजिक परिषद् संयुक्त राष्ट्रसङ्घको मुख्य अङ्गहरूमध्ये एक हो, जसले आर्थिक, सामाजिक र विकास अजेण्डाहरूको रेखदेख गर्दछ। त्यसैगरी, नेपाललाई संयुक्त राष्ट्रको शान्ति निर्माण आयोगमा पनि चुनियो।

**(अनौपचारिक अनुवाद)**

## गृह मन्त्रालय

नेपालको संविधानद्वारा प्रत्याभूत गरिएका आधारभूत मानव अधिकार र नागरिक स्वतन्त्रताको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धनमा राष्ट्रिय मानव अधिकार आयोग, विषयगत मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय र सहकार्य हुँदै आइरहेको छ। मानव अधिकारमुखी दृष्टिकोणलाई केन्द्रमा राखी नीति, कानुन तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन भइरहेका छन्। यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रतिवेदन तयारीका क्रममा रहेको छ। साथै यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गत नेपालले बुझाउन पर्ने (तेस्रो देखि आठौँ) संयुक्त आवधिक प्रतिवेदनको मस्यौदालाई अन्तिम रूप दिने कार्य भएको छ।

मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश, २०७७ स्वीकृत भई कार्यान्वयन भइरहेको छ। महिला शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ ब २०७९/८०-२०८१/८२) द्वन्द्वपीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकतालाई सम्बोधन गर्दै उनीहरूको सरोकारका विषयमा अर्थपूर्ण सहभागिता एवम् आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्ने लक्ष्य प्राप्तिका लागि कार्यान्वयन भइरहेको छ।

राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार संरक्षणका सन्दर्भमा प्राप्त सिफारिस तथा निर्णयहरू कार्यान्वयन भइरहेको छन्। मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्यान्वयन कार्यायोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकन तेस्रो चक्र कार्यान्वयनको मन्त्रालयसँग सम्बन्धित विषयहरू प्राथमिकतासाथ कार्यान्वयन भइरहेका छन्।

**अजिता शर्मा**
उपसचिव

## नेपाली सेना

नेपाली सेना अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धन गर्न प्रतिवद्ध छ। सन् २०२३ मा नेपाली सेनाको वार्षिक तालिम निर्देशिका अनुसार इटहरीस्थित श्री पूर्वी पृतना हेडक्वार्टरमा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी आधारभूत तालिम समेत सञ्चालन गरी सकल दर्जाहरूलाई प्रशिक्षित गराइएको छ। साथै, हरेक तहका वृत्ति विकासका तालिमहरूमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषय अनिवार्य रूपमा समावेश गर्ने नीति अनुरूप हालसम्म

६४,०८० जना सैनिक व्यक्तिहरूलाई सो विषयमा प्रशिक्षित गराई सकिएको व्यहोरा अनुरोध गरिन्छ।

**रबिन्द्र खत्री**, सहायक रथी
नि. निर्देशक
मानव अधिकार निर्देशनालय, कार्यरथी विभाग,
जङ्गी अड्डा

## नेपाल प्रहरी

नेपालको संविधानले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जस्ता विभिन्न ३१ ओटा अधिकारहरूलाई मौलिक हकका रूपमा समावेश गरी नागरिकको मानव अधिकार सुनिश्चित गरेको छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल गर्न र नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि राज्यले नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। राज्यको कानुन कार्यान्वयन गर्ने निकायको रूपमा रहेको नेपाल प्रहरी नागरिकका संविधान प्रदत्त मौलिक अधिकारहरूको साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनद्वारा सुनिश्चित मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि साङ्गठनिक प्राथमिकताको रूपमा अंगीकार गर्दै आएको छ। राज्यले प्रदान गरेका विभिन्न कानुनी अधिकारहरूको कानुनी प्रयोग गरी कानुनी राज्यको अवधारणा अनुरूप मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपाल प्रहरी र यसमा आबद्ध सकल दर्जाका प्रहरी कर्मचारीहरू आफ्नो मुख्य दायित्व र कर्तव्यका रूपमा ग्रहण गरेको सर्वविदितै छ।

नागरिकका अधिकारको सुनिश्चित गर्ने क्रममा प्रहरी काम कारबाहीमा मानव अधिकार मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न तथा प्रहरीबाट मानव अधिकार उल्लङ्घन हुन नदिन २०५९ माघ २ गते प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी नेपाल प्रहरी मानव अधिकार सेलको स्थापना गरिएको थियो। यस एकाइले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकार तथा विभिन्न एकाइहरू, राष्ट्रिय मानव अधिकार आयोग, गृह मन्त्रालय, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ। समग्र प्रहरी सङ्गठनलाई नै मानव अधिकार मैत्री बनाउने लक्ष्यका साथ नेपाल प्रहरी प्रधान कार्यालयमा मानव अधिकार उल्लङ्घन अनुगमन एकाइ, काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालय (सात) सबैमा मानव अधिकार शाखा, प्रत्येक जिल्ला प्रहरी कार्यालयहरूमा मानव अधिकार सम्पर्क अधिकृत र प्रत्येक मुद्दा चल्ने एकाइहरूमा हिरासत व्यवस्थापन अधिकृतको व्यवस्था गरी मानव अधिकार सम्बन्धी विभिन्न संरक्षणात्मक र संवर्द्धनात्मक कार्यहरू गर्दै आइरहेको छ।

नेपाल प्रहरी मानव अधिकारलाई आफ्नो साङ्गठनिक प्राथमिकतामा राखी मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तितर्फ विगत एक वर्षमा सम्पादन गरेका कार्यहरू निम्न बमोजिम छन्।

### १. मानव अधिकार संरक्षणतर्फ

- मानव अधिकारको विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जालमार्फत गुनासो गर्नसक्ने व्यवस्था गरिएको।
- सम्मानित अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेशको कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धान एवम् छानविन गरी भई आएको आदेशको कार्यान्वयन सम्बन्धमा सबै प्रहरी एकाइहरूलाई जानकारी दिने गरिएको।
- कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घनका घटना भएको भनी उजुरी प्राप्त भएमा तथा अन्य विभिन्न स्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएमा प्रहरी कर्मचारीलाई कानुनबमोजिम विभागीय कारबाही गर्ने गरिएकोमा आ.व.२०८०/०८९ मा ११ समेत गरी हालसम्म ८ सय २९ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिएको छ।
- प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरूत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको छ।
- प्रहरी हिरासतमा हुनसक्ने यातना तथा अमानवीय

व्यवहार र हिरासत कक्षको व्यवस्थापनजस्ता मानव अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राखी विभिन्न एकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति, कानुनको सिद्धान्तको अनुसरण, स्वतन्त्र तथा निष्पक्ष अनुसन्धानको सिद्धान्तको अवलम्बन तथा गुनासो सुनुवाइको अवस्थामा, मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको अनुगमन गर्ने गरिएको।

**२. मानव अधिकार संवर्द्धनतर्फ**

- नेपाल प्रहरीमा रहेका जम्मा २ हजार ६ सय ६० युनिटहरूमध्ये मुद्दा चल्ने सबै २ सय २१ युनिटमा हिरासत व्यवस्थापन अधिकृतको व्यवस्था गरिएको।
- नेपाल प्रहरीमा मानव अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण (सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृत) तालिम सञ्चालन गरी प्रशिक्षक तयार पारी नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी प्रशिक्षण प्रदान गरिँदै आएको।
- वार्षिक तालिम क्यालेण्डर तथा पाठ्यक्रम निर्माण गरी सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरी कारबाही तथा मानव अधिकार विषय तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको छ। जसअनुसार चालु आ.व.मा २ सय ५७ जना गरी हालसम्म २८ हजार ९० जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिसकिएको।
- काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी मातहत कार्यालयहरू, प्रदेश कार्यालय (सात) सबै मातहत कार्यालय/युनिटहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्यक महिना पुर्नताजगी स्वरूप एकदिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएकोमा चालु आ.व.मा १२ हजार २ सय ३१ गरी हालसम्म ७० हजार ६ सय ६९ जना प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।
- नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहोस् भन्ने हेतुले समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत काठमाडौँ उपत्यका लगायत सबै प्रदेश प्रहरी कार्यालयहरू अन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम विभिन्न ठाउँमा प्रत्येक महिना सञ्चालन गर्दै आएको तथा आ.व. २०८०/०८१ को पुस महिना सम्ममा ७४ ओटा कार्यक्रम सञ्चालन गरी २ हजार ४ सय ६४ जना सर्वसाधारण नागरिकहरूलाई मानव अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको साथै बोक्सीको आरोप, दाइजो, छुवाछुत जस्ता विकृति विरुद्ध कार्यक्रहरू, विद्यालय तथा समुदाय सचेतना शिक्षा कक्षा, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमहरू समेत सञ्चालन गरिएको छ।
- भिड नियन्त्रणको समयमा स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको बल प्रयोगको सिद्धान्त तथा बल तथा हातहतियारको प्रयोग गर्दा पालना गर्नुपर्ने संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त अनुसार बल प्रयोग गर्ने गरिएको।

**३. मानव अधिकार परिपूर्तितर्फ**

- सीमित भौतिक तथा मानव स्रोतको उच्चतम प्रयोग गर्दै प्रभावकारी अनुसन्धानको माध्यमबाट पीडितलाई न्याय तथा राहत / क्षतिपूर्ति दिनेतर्फ चालु आर्थिक वर्षमा २३ हजार ७ सय ९२ मुद्दा दर्ता भई अनुसन्धान कार्य गरिएको।
- नेपाल सरकार, सम्मानित सर्वोच्च अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक /अर्धन्यायिक निकायहरूबाट भएका निर्णय / फैसलाहरूको नेपाल प्रहरीसँग सम्बन्धित निर्णय तथा सिफारिसहरूको तत्काल कार्यान्वयन गर्ने गरिएको।

उल्लेखित तथ्याङ्क र गतिविधिहरूको आधारमा नेपाल प्रहरीले मानव अधिकारलाई उच्च प्राथमिकतामा राखि विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको तथ्य स्पष्ट हुन आउँछ। नेपाल प्रहरी आगामी दिनमा अझ सशक्त र सकृय रूपमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्धन गर्ने कार्यमा प्रतिबद्ध भएर लागिरहने विश्वास दिलाउन चाहन्छौँ।

**दानबहादुर कार्की**
प्रहरी वरिष्ठ उपरीक्षक

## सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन् तथा दण्डहीनता शून्य सशनशीलताको नीति

अवलम्बन गरे अनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूउपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसुर अनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाइ समाजमा कानुन कार्यान्वयन गर्नेजस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसारपसारजस्ता जघन्य अपराध रोकथामका लागि सुक्ष्मरूपमा निगरानी बढाइ पीडितहरूको उद्दार गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि सोहीअनुरूप पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकार संरक्षणमा संवेदनशील एवम् सेचत गराउने उद्देश्यले मानव अधिकार सेल र सरकारी तथा गैरसरकारी सङ्संस्थाहरूबाट प्रशिक्षक झिकाइ मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्य अनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डर बमोजिम मानव अधिकार, लैङ्गिक र कानुन कार्यान्वयन अनुशिक्षण तालिम सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव प्रतिबद्ध रहेको छ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य समेत गर्दै आइरहेको छ। बल प्रयोगसम्बन्धी संयुक्त, राष्ट्रसङ्घको सिद्धान्त तथा मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरी हालसम्म २९ हजार ५ सय ८३ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षित गर्नुका साथै समयसापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनका कामकारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरसरकारी निकायहरूमा समय-समयमा सञ्चालन हुँदै आएका तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमासमेत सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाउने गरिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिक रूपमा प्रकाशन गर्ने नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस सुरक्षा सङ्गठनले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास दिलाउन चाहन्छ।

**युवराज अर्याल**
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
मानव अधिकार सेल, सशस्त्र प्रहरी बल, नेपाल,
प्रधान कार्यालय

## नेपाल नगरपालिका सङ्घ

नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकहरू नै नेपाली नागरिकका आधारभूत मानव अधिकारका विषय हुन्। संविधानले सुनिश्चित गरेका नागरिकका मौलिक हकको प्राप्तिका लागिसमेत साझा प्रयत्न आवश्यक छ। ती अधिकार क्षेत्रभित्र रहेर स्थानीय सरकारहरूले मानव अधिकार संरक्षण र संवर्द्धनका काम गरिरहेका छन्। सबै नागरिकलाई समान अवसर र समान ढङ्गबाट न्याय दिने मामिलामा जनताको घर आँगनमा भेटिने स्थानीय सरकारहरू क्रियाशील छन्। नेपाल नगरपालिका सङ्घले आफ्ना सदस्य नगरपालिकाहरूमा संविधानले निर्दिष्ट गरेको अनुसुची ८ मा व्यवस्था भएका एकल अधिकारसम्बन्धी कानुनहरू निर्माण गरी सोही मुताबिक काम गर्ने गरी सहजीकरण गरिरहेको छ।

स्थानीय सरकारहरूले नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षणमा काम गरिरहेका छन्। घरेलु हिंसा रोकथाम, श्रमको उचित ज्याला, सामाजिक अपराध तथा सजाय, उपभोक्ता संरक्षण, प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण, खाद्य सुरक्षण, रोजगारी सिर्जना, स्थानीय व्यवसायिक प्रवर्धन, विपत्मा नागरिकहरूको बचाउ तथा संरक्षणको क्षेत्रमा पनि नगरपालिकाहरूले काम गरिरहेका छन्। चालु आवधिक योजना तथा बजेट बिस्तार सबै नागरिकको पहुँचमा पुग्ने गरी कार्य गर्न नगरपालिकाहरू क्रियाशील छन्।

पहिलो न्यायालयसमेत स्थानीय सरकारहरू नै रहने हुँदा स्थानीय झै-भगडा, लैङ्गिक हिंसा अन्त्य, पिछडिएको जातजाति तथा समुदायलाई राज्यको मूल प्रवाहमा जोड्न र राज्यको तल्लो तहदेखिनै शान्ति स्थापना गर्न पनि स्थानीय सरकारहरूले स्रोत साधन र क्षमताले भ्याएसम्म काम गरिरहेका छन्। यसरी हेर्दा स्थानीय सरकारहरू नागरिकहरूका घर दैलोमा नै नागरिकहरूका आधारभूत अधिकारहरूको पूर्तिका लागि काम गरिरहेका छन्।

आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्धनमा काम गरिरहँदा पनि स्थानीय सरकारहरूले पूर्ण रूपमा संविधानत: काम गर्न भने सकिरहेका छैनन्। कतिपय अवस्थामा संविधानले दिएका अधिकारहरूको समेत स्थानीय तहले प्रयोग गर्न नपाउँदा त्यसको प्रत्यक्ष असर नागरिकको मानव अधिकार सुनिश्चिततामा कठिनाइ भइरहेको छ। शान्ति सम्झौता भएको लामो समयसम्म सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन गरिए तापनि यसले प्रभावकारी काम गर्न नसक्दा अहिले पनि सशस्त्र द्वन्द्वका पीडितहरूको अवस्था दयनीय छ। संविधान प्रदत्त मौलिक हकहरूको प्रत्याभुति दिलाउन आवश्यक कानून निर्माण भई नसकेको, जनप्रतिनिधि तथा कर्मचारीहरूमा मानव अधिकारका विश्वव्यापी मूल्यमान्यता र आदर्शलाई आधार मानि कार्य गर्ने पूर्ण चेतना र संस्कृतिको विकास भई नसक्नु, मुलुकमा शान्ति सुरक्षाको अवस्था अपेक्षाकृत सुदृढ हुन नसक्नु, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन नगरिनु, जथाभावी मुद्दा फिर्ता लिने तथा माफी दिने प्रचलन बढ्नु लगायतका विषय मानव अधिकारका गम्भीर चिन्ताका विषय हुन् र यी कार्यहरूबाट उत्पन्न हुने परिणामको प्रत्यक्ष असर स्थानीय साशनमा नै परिरहेको छ।

सङ्घीयताको कार्यान्वयनसँगै संवैधानिक रूपमा रहेको स्थानीय सरकारको निर्वाचनपश्चात सामाजिक सुरक्षाको व्यवस्थित वितरण महिला, दलित र अपाङ्तामैत्री योजना तर्जुमा र स्रोत परिचालन, न्यायिक समितिको सकृयतामा प्रभावकारी मेलमिलाप र विवाद निरूपण भई अदालतमा जाने मुद्दामा कमी आएका दृष्टान्तहरू, बालविवाहमा उल्लेख्य कमी आधारभूत स्वास्थ्य र सरसफाइ तथा प्रारम्भिक एवम् माध्यमिक शिक्षासम्मको सुनिश्चितता गर्न नगरपालिकाहरू समर्थ भएका छन्। उल्लेखित क्रियाकलाप र उपलब्धिबाट मानव अधिकारको क्षेत्रमा नगरपालिकाहरूले प्रशस्त योगदान दिइरहेका छन्। तहगत सरकारको समन्वय र सहकार्यबाट यस क्षेत्रमा थप योगदान पुग्नसक्ने हुँदा सो को सहजीकरण गर्न नेपाल नगरपालिका सङ्घले आफ्ना विविध कार्यक्रम, परियोजना र गतिविधिहरूका माध्यमबाट पहल कदमी गरिरहेको छ।

**भीमप्रसाद ढुंगाना**
अध्यक्ष, नेपाल नगरपालिका सङ्घ

## गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल

तीन तहको मूल संरचना रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा नागरिकको नजिक र आधारभूत तहमा रहेको स्थानीय सरकारले मुख्यगरी सेवा प्रवाह र विकास कार्य गरिरहेको छ। नेपालको संविधानले नागरिकको मौलिक अधिकारका रूपमा मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, निष्पक्ष, न्यायपालिका, सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हकलगायत हकहरूलाई संरक्षण गरेको छ। त्यसैगरी सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, दलितको हक, महिला तथा बालबालिकाको हकहरू प्रत्यक्ष मानव अधिकारसँग सम्बन्धित अधिकार रहेका छन्। नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा हस्ताक्षर गरी ती सन्धि सम्झौताका व्यवस्था नेपाल कानुन सरह लागु हुने कानुनी व्यवस्था पनि छ।

संस्थागत संरचनाको दृष्टिले हेर्दा मानव अधिकार प्रवर्धन र संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको सूची नै उल्लेख गरी बाँडफाँडसमेत गरिएको छ। स्थानीय सरकारहरू कानुनको कार्यान्वयन गरी मानव अधिकार संरक्षण, संवर्द्धन तथा मर्यादित बनाउन प्रतिबद्ध रहेका छन्। नागरिकका मौलिक अधिकारको संरक्षण र प्रवर्धनको कार्यमा तीन तहकै सरकारको उत्तिकै दायित्व हुँदाहुँदै पनि नागरिकले सहजै देख्न, भेट्न र महसुस गर्न सक्ने सरकार भएकोले स्थानीय सकारहरूको दायित्व अझै धेरै रहेको छ।

**मानव अधिकार संरक्षण र संवर्द्धनमा स्थानीय सरकारका केही प्रयासहरू**

- बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई, आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नका निम्ति स्थानीय सरकारहरूको तर्फबाट विभिन्न अभियानहरू सञ्चालन भइरहेको छन्। तर, अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त शिक्षा प्रणालीको अभावमा आधारभूतसँगै उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न समस्या भएको र जसका कारण अपाङ्गता भएका बालबालिका समुदायमै पीडित भएका छन्।
- अपाङ्गतामैत्री, बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने तथा सेवा केन्द्रहरू स्थापना र सञ्चालन गर्ने कार्य गरिरहेका छन्।
- घुम्ती शिविरमार्फत विपन्न तथा पिछडिएका वर्गहरूलाई समुदाय तथा घर घरमा सेवा प्रवाहका प्रयासहरू भएका छन्।
- न्यायिक समितिमार्फत समाजमा मानव अधिकार उल्लङ्घनका घटनाहरू हुन नदिन प्रवर्धनात्मक कार्यहरू भएका छन्। न्यायको पहुँचमा कहिल्यै पुग्न नसकेका पीडित नागरिकहरू सहजै न्यायिक समितिमा गएर न्यायको महसुस गर्न सकेका छन्। मेलमिलाप समितिहरू स्थापना तथा आवश्यक तालिम तथा अभिमुखीकरणहरू सञ्चालन गर्दै आइरहेको जसले गाउँ तहमा नै स-साना विवादहरूको मेलमिलाप प्रकृयाद्वारा समाधान गरिरहेका छन्।
- कतिपय स्थानीय सरकारहरूले गुनासो सम्बोधन प्रणालीको विकाससम्बन्धी आवश्यक पहल गर्ने गरेको छ। बालविवाह रोक्नका निम्ति सचेतना तथा लक्षित कार्यक्रमहरू: जस्तै बालविवाह मुक्त गाउँपालिका घोषणाजस्ता अभियानहरू सञ्चालन गर्ने कार्य गरेका छन्।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, सम्मान कार्यक्रम, एकल पुरुष प्रोत्साहन भत्ताजस्ता कार्यक्रमहरूले लक्षित वर्गलाई सरकारको अनुभूति भई आत्मसम्मान बढेको महसुस गरेका छन्।
- लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन्। आधारभूत तथा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच पुऱ्याउन एक घर एक धारा सबैजसो स्थानीय सरकारको मूल अभियानभित्र परेको छ। दाइजो प्रथा अन्त्य गर्न स्थानीय सरकारहरूले अभियान नै सञ्चालन गरेर नागरिकहरू परिचालन गरिरहेका छन्। मानव बेचबिखन विरुद्ध सचेतना फैलाउनेदेखि बेचबिखनमा परेकाहरूको उद्दार, राहत, पुनर्स्थापना केन्द्र सञ्चालन, मनोपरामर्श कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारहरू जोडिएका छन्।
- कतिपय स्थानीय सरकारहरूले वैदेशिक रोजगार सहजीकरण डेस्क स्थापना गरेका छन्। पर्याप्त जानकारी र सूचनाबिना वैदेशिक रोजगारीमा जाने श्रमिकहरू ठगिनबाट जोगिउन भन्नका लागि ती डेस्कमार्फत अभिमुखीकरण गर्ने प्रयास भएका छन्। बालश्रम मुक्त स्थानीय सरकार घोषणा, सडक मानव मुक्त नगर घोषणाजस्ता अभियानले नागरिकको मानव अधिकार संरक्षणमा ठूलो सहयोग पुगेको हाम्रो दावी रहेको छ।
- समुदाय प्रहरी सँगसँगै कार्यक्रममा कुनै न कुनै कोणबाट स्थानीय सरकारहरू जोडिएका छन्। कारागारमा रहेका थुनुवा बालबालिका तथा महिलाहरूसँग नियमित भेटघाट गर्ने, बालबालिकाहरूलाई पढ्ने वातावरण बनाउने कार्यमा स्थानीय सरकारहरू जोडिएका छन्। जेलमा पुस्तकालय स्थापना गर्ने टेलिभिजनहरू उपलब्ध गराएर कैदीबन्दीको पढ्न पाउने र सूचना प्राप्त गर्ने अधिकारलाई सम्मान गरेका छन्।
- मानव अधिकार संरक्षण, संवर्द्धन गर्न स्थानीय सरकारहरू गम्भीर भए पनि क्षमताको अभाव तथा सङ्घ, प्रदेश र सम्बन्धित क्षेत्रबाट आवश्यक सहजीकरण हुननसक्दा स्थानीय सरकारहरू खुम्चिनु परेको छ। कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मानव अधिकार उल्लङ्घन तथा महिला हिंसाका घटनामा कमी आउन सकेको छैन।

मानव अधिकारको क्षेत्रमा स्थानीय सरकारमा धेरै काम हुन बाँकी रहेकाले यो क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्नु पर्ने देखिन्छ। राज्य, नागरिक समाज र सङ्घ/संस्थाबिच समन्वय तथा सहकार्य भएमात्र मानव अधिकार संरक्षण संभव हुने र समाज तथा सङ्घ/संस्थाहरूबिच समन्वय तथा सहकार्यको अभावमा मानव अधिकार संरक्षण गर्न चुनौती हुने देखिन्छ।

**लक्ष्मीदेवी पाण्डे**
अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल

## नेपाल बार एशोसिएशन

सन् २०२३ मा मानव अधिकारको राज्य पक्षद्वारा गर्नुपर्ने कर्तव्य निर्वाहको क्षेत्रमा खासै सन्तोषजनक देखिँदैन। हाम्रो देशमा एक त शासक वर्गमा विधिको शासनको अवलम्बन गर्न उदासीनता देखाउने प्रवृत्ति व्यापक देखिएको छ भने अर्कोतर्फ विगत लामो समयदेखि देशमा भएका विभिन्न सशस्त्र आन्दोलनहरूमा भएका मानव अधिकारका उल्लङ्घनका घटनाहरूको सत्यतथ्य छानविन र दोषीहरूलाई कानुनी कारबाही तथा पीडितहरूलाई परिपूरणको व्यवस्था गर्न सकिएको अवस्था देखिँदैन। बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरूपण तथा मेलमिलाप आगोगद्वारा द्वन्द्वकालमा भएका घटनाहरूको छानविन, विषयवस्तुको सम्बोधन हुनु अत्यावश्यक देखिन्छ। साथै, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसम्बर १० को अवसरमा यस वर्ष नेपाल बार एशोसिएशनको चितवनमा सम्पन्न राष्ट्रिय गोष्ठीले पनि देशमा मानव अधिकार पालनाको संस्कृतिको सम्मानको पक्षमा निर्णय गरेको स्मरण गर्न चाहन्छु।

**अधिवक्ता हर्कबहादुर रावल**,
उपाध्यक्ष

## नेपाल पत्रकार महासङ्घ

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा सन् २०२३ सन्तोषजनक रहन सकेन विगतका वर्षहरूमा जस्तै यसवर्ष पनि प्रेस स्वतन्त्रता हननका विभिन्न घटना नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन एकाइमा अभिलेख भएका छन्। यस वर्ष पत्रकारको पेसागत असुरक्षा मुख्य चुनौतीको विषय बनेको छ।

सन् २०२२ मा भन्दा यो वर्ष अर्थात् सन् २०२३ मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटना बढेका छन्। सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ ओटा घटना रेकर्डमा भएकामा सन् २०२३ मा ५८ ओटा घटना महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन एकाइमा रेकर्ड भएको छ। ५८ ओटा घटनामा ७४ पुरुष र १३ जना महिला पत्रकार पीडित भए भने पाँच ओटा सञ्चार सामग्रीसमेत प्रभावित बन्न पुगे। त्यस्तै सन् २०२३ मा १३ पत्रकार महिला र ७४ पुरुष पत्रकार प्रभावित भएका छन्। सन् २०२२ मा १ सय ३२ पुरुष र १८ पत्रकार महिला प्रभावित भएका थिए। त्यस्तै यो वर्ष पाँच ओटा सञ्चार संस्था प्रभावित बनेका छन् भने २०२२ मा ६ ओटा सञ्चार संस्था प्रभावित भएका थिए।

नेपाल पत्रकार महासङ्घले सन् २०२३ मा विभिन्न सञ्चार गृहमा देखिएका श्रम समस्या अर्थात् पेशागत असुरक्षालाई मुख्य चुनौतीको रूपमा लिएको छ। सञ्चार प्रतिष्ठानमा देखिएका श्रम समस्यालाई महासङ्घले दबाबमूलक आन्दोलन, कानुनी लडाइँ तथा वार्ता र संवादसमेतको माध्यमबाट समाधानको पहल गरिरहेको छ। सन् २०२४ मा महासङ्घले श्रम समस्याको दीर्घकालीन समाधानका लागि कानुनी व्यवस्थालाई थप बलियो बनाएर त्यसको कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता जनाउँदछ।

राजनीतिक दलका नेता र सरकारका जिम्मेवार पदमा बसेका व्यक्तिबाट पटक-पटक प्रेसमाथि विभिन्न प्रकारका आरोप लगाउने, पुष्टि नहुने तर्कसहित समग्र मिडियाप्रति नै लाञ्छित गर्नेलगायतका कार्य सन् २०२३ मा भएका छन्। महासङ्घ राजनीतिक दल र सरकारका विभन्न पदमा बसेका व्यक्तिलाई पदीय मर्यादा, विश्वव्यापी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अधिकारप्रति प्रतिबद्ध हुन आग्रह गर्दछ।

सरकारले सन् २०२३ मा सञ्चारसम्बन्धी कानुन निर्माणमा सुस्तता देखाएको छ। महासङ्घकै संलग्नतामा मस्यौदा गरिएका सञ्चारसम्बन्धी कानुन यथाशीघ्र प्रक्रियामा लैजान महासङ्घ सरकारको ध्यानाकर्षण गराउँछ। सञ्चारसम्बन्धी कानुनहरू ल्याउँदा नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हक तथा पूर्ण प्रेस स्वतन्त्रता लगायतका व्यवस्था ख्याल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारलाई महासङ्घले सचेत गराउँदै आएको छ।

**खगेन्द्र फुयाँल**
मिडिया मनिटरिङ